# सङ्घीय संसद्

# राष्ट्रिय सभा

## सम्माननीय अध्यक्षबाट प्रस्तुत एक्काइसौं अधिवेशन अवधीमा सभाबाट सम्पादित मुख्य मुख्य कामकारबाहीको सङ्क्षिप्त विवरण

माननीय सदस्यहरु,

सङ्घीय संसद्, राष्ट्रिय सभाको एक्काइसौं अधिवेशनको पहिलो बैठक सम्वत् २०८३ साल बैशाख २८ गते सोमबार अपराह्न २:०० बजे प्रारम्भ भई २०८३ साल असोज १६ गते शुक्रबारसम्म जम्मा १४५ दिन चालु रह्यो। यस अवधीमा ५२ वटा बैठक बसी जम्मा ९८ घण्टा १० मिनेट सभाको काममा व्यतीत भयो।

यस अधिवेशन अवधीमा ४० वटा बैठकमा शून्य समय रहेको थियो। उक्त शून्य समयमा ४५ जना माननीय सदस्यहरूले ५ घण्टा ५६ मिनेट समय उपयोग गर्नुभएको थियो भने १७ वटा बैठकमा विशेष समय रहेको थियो। विशेष समयमा ४७ जना माननीय सदस्यहरूले २१ घण्टा १० मिनेट समय उपयोग गर्नुभएको छ।

यस अधिवेशनमा ४ वटा बैठकमा प्रादेशिक सरोकार समय रहेको थियो। प्रादेशिक सरोकार समयमा २७ जना माननीय सदस्यहरूले ५ घण्टा २७ मिनेट समय उपयोग गर्नुभएको थियो भने ९ वटा बैठकमा आकस्मिक समय रहेको थियो। आकस्मिक समयमा २२ जना माननीय सदस्यहरूले १ घण्टा ५६ मिनेट समय उपयोग गर्नुभएको छ।

**माननीय सदस्यहरु**,

यस अधिवेशनमा सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३, केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३, सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३, स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ र विश्वविद्यालय सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ सभामा पेश भएको थियो। उक्त अध्यादेशहरू मध्ये सरकारले स्वीकृतको लागि पेश गरेका सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३, सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ र स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ सभाबाट स्वीकृत भएको छ।

यस अधिवेशन अवधीमा राष्ट्रिय सभामा दर्ता भएका अभौतिक साँस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१, “सङ्क्रामक पशु रोग (नियन्त्रण) विधेयक, २०८३ र “आन्तरिक वायुसेवाको दायित्व सम्बन्धी विधेयक, २०८३ सभाले पारित गरी सन्देशसहित प्रतिनिधि सभामा पठाइएको र प्रतिनिधि सभावाट संशोधन सहित फिर्ता आएको “राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र संचालन) विधेयक, २०८१” लाई सभाले सहमती जनाएको छ ।

यसै अधिवेशन अवधीमा अध्यादेशलाई प्रतिस्थापन गर्ने ६ वटा विधेयकहरु क्रमशः प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक, २०८३, मतदाता नामावली (पहिलो संशोधन) विधेयक, २०८३, सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, २०८३, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण (तेस्रो संशोधन) विधेयक, २०८३, सहकारी (पहिलो संशोधन) विधेयक, २०८३ र स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८३ सभाले पारित गरि प्रतिनिधि सभामा फिर्ता पठाइएको र प्रमाणीकरण समेत भइसकेका छन्। साथै प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विनियोजन विधेयक, २०८३, आर्थिक विधेयक, २०८३ र राष्ट्र ऋण उठाउने विधेयक, २०८३" दुवै सभाबाट पारित भई प्रमाणीकरण भएका छन्।

यस अधिवेशन अवधीमा प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२ सभामा टेबुल गरिएको थियो। उक्त विधेयक यसै अवस्थामा प्रमाणीकरण भएको छ।

**माननीय सदस्यहरु**,

यसै अधिवेशन अवधीमा सभाबाट तिनवटा विषयमा नेपाल सरकार र सम्बन्धित मन्त्रालयलाई रुलिङ्ग/अपिल भएको थियोः

- राष्ट्रिय सभाको बैठकमा माननीय सदस्यहरूले आकस्मिक समय, शून्य समय, विशेष समय र प्रादेशिक सरोकार समयमा उठाउनुभएका विषयको जवाफ सभामा दिन नेपाल सरकारका सम्बन्धित सबै माननीय मन्त्रीहरूलाई निर्देश भएको थियो।

- राष्ट्रिय सभाको बैठकमा माननीय सदस्यहरूले शून्य समय, विशेष समयमा उठान गर्नुभएको बजारमा ग्यासको अभावका कारण जनताले भोग्नुपरेको समस्या एवम् जनगुनासो सम्वन्धमा सहज रुपमा ग्यासको आपूर्ति तथा विक्री वितरण गर्न गराउनका लागि आवश्यक व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराइएको थियो।
- मिति २०८३ साल असोज ९ गते देखी ११ गतेसम्म हाम्रो देशभरीका विभिन्न स्थानमा भारी देखी अति भारी वर्षाको सम्भावना र अधिकांश स्थानमा मेघगर्जन/ चटयाङ्ग सहित मध्यमसम्म वर्षाको सम्भावना रहेको पूर्वानुमानको सन्दर्भमा भारी वर्षाको कारण बाढी, पहिरो र डुवान जस्ता प्राकृतिक विपद् आई जनधनको ठूलो क्षति हुन सक्ने उच्च जोखिम अवधीमा उच्च सतर्कता अपनाउन, आधिकारिक र अद्यावधिक सूचनाको जानकारी लिन, अत्यावश्यक बाहेक यात्रा नगर्न, जोखिमयुक्त स्थानमा नबस्न र सुरक्षित रहन सबैलाई अपिल गरिएको साथै जोखिम न्यूनीकरण र प्रतिकार्यको लागि सङ्घ, प्रदेश, स्थानिय तह लगायतका सरकारी संयन्त्रलाई सक्रिय एवं पूर्व तयारी अवस्थामा रहन साथै नागरिक समाज, गैरसरकारी संस्था, स्थानीय समुदायसँग समन्वय कायम गरी साझेदारीमा कार्य गर्ने वातावरण बनाउन र सम्भावित जोखिम र त्यसबाट पर्ने प्रभावबारे नागरिकलाई सुसूचित गराई सचेतना अभिवृद्धि गर्न समेत सम्बद्ध सबैलाई निर्देश भएको थियो।

**माननीय सदस्यहरु,**

सम्माननीय राष्ट्रपतिबाट सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०८३ साल वैशाख २८ गते सोमबार सम्बोधन गर्नुभएको थियो। उक्त सम्बोधनका लागि सभाले धन्यवादको प्रस्ताव सर्वसम्मत रूपमा पारित गरेको थियो। सङ्घीय संसद्को २०८३ जेठ १५ गतेको संयुक्त बैठकमा आर्थिक वर्ष २०८३/०८४ को राजस्व र व्ययको वार्षिक अनुमान पेश भएको थियो।

यस अवधीमा आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (कर प्रस्ताव वाहेक) र आर्थिक वर्ष २०८३/०८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सभामा छलफल भएको थियो। साथै आर्थिक वर्ष २०८३/८४ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रम सभामा छलफल भई पारित गरेको छ।

**माननीय सदस्यहरु,**

यसै अवधीमा भएका प्रश्नोत्तर कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय; गृह मन्त्रालय; भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; परराष्ट्र मन्त्रालय; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय; पूर्वाधार विकास मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय, युवा, श्रम तथा रोजगार मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, र सामाजिक सुरक्षा मन्त्रालय गरी १५ मन्त्रलायसँग सम्बन्धित ३५ वटा मौखिक प्रश्नोत्तर सभामा सञ्चालन भएको छ ।

त्येसै गरि परराष्ट्र मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय गरि ३ मन्त्रालयसँग सम्बन्धित ३ वटा लिखित प्रश्नहरूको उत्तर सम्बन्धित मन्त्रीले टेबुल गर्नुभएको थियो। साथै अर्थ मन्त्रालय, गृह मन्त्रालय र पूर्वाधार विकास मन्त्रालयसँग सम्वन्धित सभामा प्रस्तुत हुन नसकेका ७ वटा मौखिक र १ वटा लिखित प्रश्नहरूको उत्तर सभामा टेबुल भएको थियो।

यसै अवधीमा माननीय परराष्ट्र मन्त्री शिशिर खनाल र माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले आकस्मिक समय, शून्य समय र विशेष समयमा माननीय सदस्यहरूले सभामा उठाउनुभएको विषय एवम् समसामयिक विषयमा समय माग गरी बोल्नु भएको थियो।

**माननीय सदस्यहरु**,

अधिवेशन अवधीमा माननीय सदस्य रेनु चन्द प्रस्तावक र १८ जना माननीय सदस्यहरू समर्थक भई दर्ता भएको प्रविधिको प्रयोग गरी हुने लैङ्गिक हिंसा रोकथाम, नियन्त्रण एवं महिलाको हकको संरक्षण र न्यायमा पहुँच सुनिश्चित गर्न आवश्यक नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्ने सम्बन्धी" सङ्कल्प प्रस्ताव र माननीय सदस्य मदन कुमारी शाह (गरिमा) प्रस्तावक र सात जना माननीय सदस्यहरू समर्थक रहेको "सहायक प्रजनन प्रविधिको प्रयोग नियमन गर्न कानून निर्माण सम्बन्धी" सङ्कल्प प्रस्तावहरू माथि सभामा छलफल भई सर्वसम्मतिले पारित भएको छ। साथै, संकल्प प्रस्ताव प्राथमिकताको साथ कार्यान्वयन गर्न निर्देशन समेत भएको छ।

यसै अवधीमा माननीय सदस्य कमला पन्त प्रस्तावक र चार जना माननीय सदस्यहरू समर्थक भई दर्ता भएको "मनसुनजन्य विपद् व्यवस्थापनमा सरकारको पूर्व तयारी सम्बन्धी" ध्यानाकर्षण प्रस्ताव सभामा छलफल भई सर्वसम्मतिले स्वीकृत भएको र गृह मन्त्रालयलाई प्राथमिकताको साथ कार्यान्वयनको लागि निर्देश गरिएको छ।

**माननीय सदस्यहरु**,

यसै अवधीमा मिति २०८३ साल भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण भएको जनधनको क्षतिको दुखद् घडीमा ज्यान गुमाउने नागरिकहरू प्रति भावपूर्ण श्रद्धान्जली साथै शोकसन्तप्त परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दै बाढी प्रभावितको उद्धार, राहत, पुनर्स्थापना, तथा सम्पर्क विहीनहरूको खोजी, घाइतेहरूको निशूल्क उपचार र वैज्ञानिक शव व्यवस्थापन र भौतिक संरचनाको पुनर्निर्माणका लागि तहगत सरकारहरूविच समन्वय, स्थानीय समुदाय, नागरिक समाज, निजी क्षेत्र, विकास साझेदार तथा अन्तराष्ट्रिय समुदाय लगायत सबैको सहयोग, सहकार्य र समन्वयमा राष्ट्रिय एकता कायम गरी विपद् व्यवस्थापन गर्न र भविष्यमा विपद् जोखिम न्यूनिकरण गर्न प्रभावकारी उपाय अवलम्बन गर्न नेपाल सरकारको विशेष ध्यानाकर्षण सहित विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरिएको छ।

यसै अधिवेशन अवधीमा माननीय सदस्य पदम बहादुर परियार, माननीय सदस्य मदन कुमारी शाह (गरिमा), माननीय सदस्य रोश्नी मेचे, माननीय सदस्य मोहम्मद खालिद, मा. सदस्य तुल प्रसाद विश्वकर्मा, माननीय सदस्य कृष्ण बहादुर रोकाय र माननीय सदस्य रेणु चन्द कार्यव्यवस्था परामर्श समितिमा मनोनयन हुनु भएको छ।

साथै राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २३२ (ङ) बमोजिम लैङ्गिक मामिलामा समान धारणा बनाउन तथा त्यस्ता धारणालाई बहस पैरवीमा ल्याउनको लागि नियमावलीमा व्यवस्था भएबमोजिम सभामा प्रतिनिधित्व गर्ने सबै दलको समन्वयमा माननीय सदस्य दुर्गा गुरुङ्ग, माननीय सदस्य पुजा चौधरी, माननीय सदस्य मीनासिंह रखाल, माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे, माननीय सदस्य रेनु चन्द, माननीय सदस्य विष्णु कुमारी सापकोटा र माननीय सदस्य सम्झना देवकोटा रहने गरी सात सदस्यीय महिला समन्वय समिति गठन गरिएको छ।

**माननीय सदस्यहरु**,

त्येसैगरि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १६७ बमोजिम १ सदस्य पछि थप गर्ने गरि माननीय सदस्य कृष्ण प्रसाद पौडेल, माननीय सदस्य गीता देवकोटा, माननीय सदस्य घनश्याम रिजाल, माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी, माननीय सदस्य सम्झना देवकोटा, माननीय सदस्य सोमनाथ पोर्तेल, माननीय सदस्य पुजा चौधरी र माननीय सदस्य तुल प्रसाद विश्वकर्मा सदस्य रहने गरि ९ सदस्यीय **भोटेकोशी एवम् कालीगण्डकी करिडोर विपद् सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समिति** गठन भएको छ ।

यस अधिवेशन अवधीमा आर्थिक वर्ष २०८२/८३ को आर्थिक सर्वेक्षण सभामा पेस भएको थियो भने संवैधानिक व्यवस्था अनुसार संवैधानिक निकायका वार्षिक प्रतिवेदनहरू सभामा पेस भएका छन्, ति प्रतिवेदनहरुमा

- राष्ट्रिय समावेशी आयोगको आ.व. २०८१/८२ को सातौं वार्षिक प्रतिवेदन
- थारु आयोगको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन
- राष्ट्रिय दलित आयोगको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन

- महान्यायधिवक्ता कार्यालयको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन
- मधेशी आयोगको आर्थिक वर्ष, २०८०/८१ र २०८१/०८२ को वार्षिक प्रतिवेदन
- राष्ट्रिय दलित आयोगको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन
- राष्ट्रिय मानव अधिकार आयोगको आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ को वार्षिक प्रतिवेदन
- न्याय परिषद र न्याय सेवा आयोगको आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ को वार्षिक प्रतिवेदनहरू
- लोक सेवा आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन
- आदिवासी जनजाति आयोगको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन
- महालेखा परीक्षकको त्रिसठ्ठिऔं वार्षिक प्रतिवेदन,२०८३,
- निर्वाचन आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन र
- मुस्लिम आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन रहेका छन्।

साथै पेस भएको प्रतिवेदनमध्ये राष्ट्रिय समावेशी आयोगको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन सभामा छलफल गरी प्रतिवेदनले औंल्याएका सुझाव कार्यान्वयन गर्न नेपाल सरकारलाई निर्देश समेत भएको छ।

**माननीय सदस्यहरु**,

यस अधिवेशन अवधीमा विधायन व्यवस्थापन समितिका माननीय सभापति कृष्ण बहादुर रोकायले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **“नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक, २०८३ सम्बन्धी समितिको प्रतिवेदन**”, राष्ट्रिय सभामा उत्पति भएको “**सङ्क्रामक पशु रोग (नियन्त्रण) विधेयक, २०८३ सम्बन्धी समितिको प्रतिवेदन**”, “**आन्तरिक वायुसेवाको दायित्व सम्बन्धी विधेयक, २०८३**” र **विधायन व्यवस्थापन समितिको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन";** विकास, आर्थिक मामिला तथा सुशासन समितिका माननीय सभापति कृष्ण प्रसाद पौडेलले “मधेश प्रदेशमा खानेपानी, सरसफाइ तथा जलस्रोत व्यवस्थापन सम्बन्धी अध्ययन प्रतिवेदन, २०८३”; “**विकास, आर्थिक मामिला तथा सुशासन समितिको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन**”; सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका माननीय सभापति पुजा चौधरीले **“सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन” र** सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका माननीय सभापति जयन्ती देवी राईले **“सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन”** लाई सभा समक्ष पेस गर्नु भएको छ।

**माननीय सदस्यहरु**,

नेपाल सरकारले चालु आर्थिक वर्षमा १६६ वटा विधेयकहरू सङ्घीय संसद्मा पेश गर्ने प्राथमिकता सङ्घीय संसद् सचिवालयमा पेश गरिसकेको छ। पहिलो चौमासिकमा ६४ वटा विधेयक पेश गर्ने प्राथमिकता रहे बमोजिम सङ्घीय संसद्मा यो चालु आर्थिक वर्षमा २४ वटा विधेयक पेश गरेकोमा प्रतिनिधी सभा तर्फ २२

वटा विधेयक दर्ता भएको र राष्ट्रिय सभा तर्फ २ वटा मात्र विधेयक दर्ता भएको छ। राष्ट्रिय सभाले सरकारले ल्याएका विधेयकलाई प्राथमिकताको साथ छलफल गरी यथासिघ्र सभावाट पारित गरेको छ। तर राष्ट्रिय सभामा विधेयक पेश गर्न सरकारको कम प्राथमिकता रहेको होकी भन्नु पर्ने अवस्था देखिएको छ।

**माननीय सदस्यहरु**,

यसैगरी, यही भदौ १० गतेदेखि १२ गतेसम्म कम्बोडियाको फ्नोम पेनमा सम्पन्न दोस्रो अन्तर-व्यवस्थापकीय सभामुख/अध्यक्ष सम्मेलन (**ISC–2)** लाई मैले सम्बोधन गर्नुका साथै सम्मेलनका दौरान कम्बोडिया, अष्ट्रेलिया, श्रीलंका, पाकिस्तान र लाओस जनवादी लोकतान्त्रिक गणतन्त्रका समकक्षी तथा उच्चस्तरीय संसदीय नेतृत्वसँग छुट्टाछुट्टै द्विपक्षीय भेटवार्ता पनि गरें।

सम्बोधन तथा द्विपक्षीय भेटमा मैले विनाशकारी रसुवा भोटेकोशी बाढीबाट भएको ठूलो मानवीय तथा भौतिक क्षति लगायतका विषयमा अन्तर्राष्ट्रिय समुदायसमक्ष गम्भीरताका साथ उठाएँ। सो क्रममा नेपालले भोगेको विपद्प्रति सम्मेलनमा सहभागी विभिन्न राष्ट्रका संसदका सभामुख, अध्यक्ष र प्रतिनिधिले द्विपक्षीय भेटवार्ता तथा सम्मेलनको मुख्य सत्रमा समेत गहिरो दुःख, सहानुभूति र ऐक्यबद्धता व्यक्त गर्नुभयो।

**माननीय सदस्यहरु**,

यस अधिवेशन अवधीमा प्रतिनिधि सभाको पूर्व सदस्य एवम् पूर्व मन्त्री राजेन्द्र खरेल, संविधान सभा सदस्य, प्रतिनिधि सभाका पूर्व सदस्य एवम् पूर्व उपप्रधानमन्त्री गोपालमान श्रेष्ठ, प्रतिनिधि सभाका पूर्व सदस्य घनेन्द्र बस्नेतको निधन भएकोमा सभाले शोक प्रस्ताव पारित गरेको छ। साथै प्रतिनिधि सभाका पूर्व सदस्य एवम् सहायक मन्त्री प्रकाश बहादुर गुरुङको निधन भएकोमा सभाले शोक प्रस्ताव पारित गर्ने आजको कार्यसुचीमा रहेको छ।

यो २१ औं अधीवेशन बजेट अधिवेशन भए पनि सरकारबाट प्राप्त विधेयकहरू लगायत अन्य बिजनेसहरू, समयमै काम पुरा गरे पनि बेलाबेलामा बिजनेसको अभावमा नियमित बैठक बस्न नसकेको पिडा पनि बेहोर्नु पर्यो।

**माननीय सदस्यहरु**,

राष्ट्रिय सभाको कामकारवाहीलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्न र सभाबाट केही उदाहरणीय कार्य सफलताका साथ सम्पन्न हुनमा माननीय उपाध्यक्ष लगायत सम्पूर्ण माननीय सदस्यहरु, राष्ट्रिय सभा अन्तर्गतका विषयगत समितिहरु र सिङ्गो सङ्घीय संसद् सचिवालयले खेलेको भूमिका र नेपाल सरकारको सहयोगको लागि सभाको तर्फबाट धन्यवाद दिन चाहन्छु। साथै राष्ट्रिय सभाको प्रभावकारिता अभिवृद्धिका लागि सञ्चार माध्यमको सहयोग र सभाप्रति नागरिक समाज र आम जनताको विश्वास र भरोसाका लागि समेत धन्यवाद दिन चाहन्छु।

सभा सञ्चालन तथा व्यवस्थापन र यसको प्रभावकारिता अभिवृद्धिमा माननीय सदस्यहरुको मेहनत, सङ्घीय संसद् सचिवालयको भूमिका र नेपाल सरकारको सहयोग अहम् रहने हुँदा आगामी दिनमा सभाको गरिमा अभिवृद्धिमा अझ महत्त्वपूर्ण भूमिका निर्वाह हुनेमा पनि विश्वास व्यक्त गर्दछु।

माननीय सदस्यहरू,

नेपालमा  नजिकिदै गरेका चाडपर्वहरु बडादशैं,  तिहार, छठ पर्व, नेपाल सम्वत्, इद लगायत सबै जातजातिका साँस्कृतिक पर्वहरुको उपलक्ष्यमा स्वदेश र विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दिदीबहिनी, दाजुभाईहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु। अब छिटै २२ औं अधिवेशनमा सुखद् भेटको अपेक्षा गर्दछु।